# पुस्तक समीक्षा : पानीको रङ




**लेखक : ऋषि बस्ताकोटी**

**प्रकाशक : शिखा बुक्स काठमाडौँ**

**विधा : कविता**

**प्रकाशन मिति : प्रथम २०८१**

**पृष्ठ सङ्ख्या : ९३**

'पानीको रङ' ऋषि बस्ताकोटीद्वारा लिखित एउटा गद्य कवितासङ्ग्रह हो । यस कवितासङ्ग्रहको प्रकाशन शिखा बुक्सले गरेको हो । जम्मा ९३ पृष्ठमा फैलिएको यस कृतिमा ४१ वटा कविता समेटिएका छन् । कविताहरूको विषयवस्तु नेपाली समाजको राजनीतिक, आर्थिक र वातावरणीय अवस्थादेखि लिएर कविको व्यक्तिगत जीवन र परिवारजनसम्म फैलिएको छ । बस्ताकोटी स्वयं वातावरणविद् र लेखक दुवै भएकाले उनका कवितामा

प्रकृतिप्रति गहिरो संवेदनशीलता भेटिन्छ, जसले देशको समसामयिक यथार्थलाई व्यक्तिगत अनुभूतिसँग जोड्छ । यो सङ्ग्रहले राष्ट्रको सामूहिक पीडा र घरपरिवारका सूक्ष्म वेदना दुवैलाई एकै स्वरमा प्रस्तुत गरेको छ । जसले कवितालाई अझ जीवन्त र सम्पृक्त बनाएको छ। 'पानीको रङ' केवल भावनात्मक अनुभव होइन, यो नेपालले भोगिरहेको अवस्थाको आलोचनात्मक चित्रण पनि हो। त्यसैले यसले पाठकलाई एकातिर समाजको कठोर यथार्थसँग जुध्न बाध्य पार्छ भने अर्कोतिर मानवीय संवेदनशीलताको गहिरो तहमा प्रवेश गराउँछ।

"पहिरो जहाँ पनि जान्छ,
वनमा जान्छ,
मनमा जान्छ,
यौवनमा जान्छ।
*(पृष्ठ सङ्ख्या १, पहिरो)*

किताबमा समावेश गरिएको प्रथम कविताको रुपमा 'पहिरो'लाई राखिएको छ। सामान्यतया पहिरो भन्नाले हामी कुनै भिरालो ठाउँबाट चट्टान, माटो वा लेदो तल खसेर हुने प्राकृतिक प्रकोप भनेर बुझ्छौँ तर यस कवितामा भने पहिरोको अर्थ निकै गहिरो छ। पहिरोलाई विनाश, पीडा वा दुर्घटनाको प्रतीकको रूपमा पाठकहरूसामु प्रस्तुत गरिएको छ। पहिरो वनमा मात्र नभई मानिसको मनमा पनि जान्छ, युवा अवस्थामा पनि जान्छ। "पहिरो पहाडमा जान्छ, वन नाङ्गो हुन्छ" जसको अर्थ हो कि पहिरोले हाम्रो जीवन बर्बाद पार्दछ । "भावनाको आकाशैभरि प्रदूषण छाउँछ" । पहिरो आएपछि हामी भावनात्मक रूपमा अशक्त हुन्छौँ, पीडा र दुःखले हाम्रो सोच्ने क्षमतालाई खल्बल्याउँछ। भातृत्वमा पनि पहिरो आउँछ अर्थात हामीले आफ्नै भाइहरूबाट पनि धोका पाउन सक्छौँ। नेतृत्वमा पनि पहिरो आउँछ, अर्थात भ्रष्टाचार हुन्छ। कविले अरूमा राख्ने आशा, भरोसालाई नै पहिरोको मुख्य जरा मान्छन्। यस्ता आशा र भरोसा नराखेमात्र पहिरो आउन कम हुन्छ, नत्र पहिरोले हाम्रो जीवन नै सदाका लागि नष्ट पारिदिन्छ।

"रामायण ग्रन्थका
न रावण हामीहरू
न राम हामीहरू

फगत अर्कोको लागि लड्ने
कोसोम्बोका बलराम हामीहरू।"

*(पृष्ठ सङ्ख्या ७, हामी बलरामहरू)*

यो कवितामा कवि ऋषि बस्ताकोटीले नेपाली समाजका साधारण जनताको वास्तविकता उजागर गरेका छन् । हामी न त राम जस्ता आदर्शवान् छौँ, न रावण जस्ता प्रतिकूल शक्तिहरू, तर अर्काको स्वार्थ पूर्ति गर्न निरन्तर भिडन्तमा धकेलिएका 'बलराम' हौँ भन्ने कुरा कविले देखाएका छन् । यहाँ 'बलराम' भन्नाले आफैँको लागि नभई सधैँ अरूको आदेश, अरूको प्रभुत्व र अरूको सेवाका लागि लडाइँमा होमिने मानिसलाई जनाइएको छ ।

युद्धमैदानमा न जीत हाम्रो लागि हुन्छ, न हार हाम्रो लागि हुन्छ, बरू हामीलाई अरूको आदेशअनुसार मात्र प्रयोग गरिन्छ भन्ने भाव यस कवितामा छर्लङ्ग भेटिन्छ । यो सन्देश नेपाली जनताको विडम्बना हो जहाँ नेताको स्वार्थ, विदेशी हस्तक्षेप वा ठुला शक्तिको प्रभुत्वका कारण सामान्य नागरिक मात्र 'खेलौना' बन्नुपरेको छ।

कविले बारम्बार दोहोर्‍याएका छन्, "कोसोम्बोका बलराम हामीहरू।" यसको अर्थ, हाम्रो श्रम, बलिदान र जीवन अरूको नाममा लेखिन्छ, तर हामी आफैँ बेनाम रहन्छौँ । हामीलाई इतिहासमा सम्मानित हैसियत दिइँदैन, बरू आत्मसम्मान गुमाएर मात्र अरूका लागि लड्नुपर्ने बाध्यता छ ।

यसरी, यो कविता जनतामाथि हुने राजनीतिक शोषण, सामाजिक अन्याय र आत्मपहिचान हराउँदै गएको पीडाको सामूहिक स्वर हो ।

'बिना कुनै गन्तव्य
बिना कुनै उचाइ
उड्दै गरेका उनीहरू।"

*(पृष्ठ सङ्ख्या ११, झिँगाहरू)*

यस कवितामा कविले 'झिँगा'लाई रूपक बनाएर नेपालको राजनीतिक यथार्थलाई प्रस्तुत गरेका छन् । झिँगा भन्नाले दिशाविहीन तर चञ्चल उडान गर्ने जीवलाई बुझिन्छ, जसले कुनै

लक्ष्य वा जिम्मेवारी बोकेको हुँदैन । कविले यसलाई त्यस्ता राजनीतिज्ञहरूसँग तुलना गरेका छन्, जसले देश र जनताको सेवा गर्ने उद्देश्य नभई आफ्नै क्षणिक फाइदाका लागि राजनीति गर्छन्।

कवितामा भनिएको छ, झिँगा “आफ्नो उडानलाई तयार गरेर, आत्मीयताको आलाप अलाप्दै” अरूलाई आकर्षित गर्न खोज्छन्। यसले राजनेताहरूले मिठा भाषण, नाराजस्ता आकर्षक शब्द प्रयोग गरेर जनतालाई प्रलोभनमा पार्ने तर वास्तविकतामा उनीहरू नजिकका शुभेच्छुक नभई स्वार्थी मात्र हुने सन्देश दिन्छ।

त्यस्तै, “सुगन्ध फोहोर छान्दैनन् झिँगा” भन्ने पङ्क्तिले राजनीतिज्ञहरूको अवसरवादिता देखाउँछ। उनीहरू कुनै पनि परिस्थितिमा, जसले फाइदा दिन्छ, त्यहीँ टाँसिन्छन्; न त सिद्धान्त हुन्छ, न त निष्ठा। परिणामस्वरूप, “जहाँ जहाँ देखेका हुन्छन्, त्यहाँत्यहाँ झिँगामै बनाउँछन्” भन्ने पङ्क्तिले सम्पूर्ण राजनीतिक क्षेत्रलाई झिँगामय, अर्थात् गन्दा, अव्यवस्थित र अविश्वसनीय बनाएको छ।

यसरी, कविले झिँगाको रूपक प्रयोग गरेर देशका असफल, दिशाहीन र अवसरवादी नेताहरूको आलोचना गरेका छन्। यो कविता जनतालाई सचेत गराउने चेतावनी हो । झिँगाजस्ता नेताबाट अपेक्षा नगरी सच्चा नेतृत्व खोज्नुपर्ने सन्देश यस कविताले दिएको छ ।

“जहिले देखेँ मैले
मेरा बालाई देखेँ
सधैँ सधैँहाँसिरहेको देखेँ
सधैँ सधैँ सकारात्मक देखेँ।”

*(पृष्ठ सङ्ख्या ४०, मेरा बा )*

यस कवितामा कविले आफ्ना बुबाको जीवनयात्रा र त्यागलाई भावुक ढङ्गले प्रस्तुत गरेका छन्। यहाँ “बा” केवल कविको पिता मात्र नभई नेपाली समाजका हजारौँ साधारण पिताहरूको प्रतिनिधि हुन्, जसले आफ्ना सपना र चाहनालाई छोडेर सधैँ परिवारका लागि बाँचेका हुन्छन्।

कविता भन्छ, "मेरा बा अलि–अलि सबैका लागि बाँच्नु भयो, तर आफ्नै लागि कति बाँच्नुभयो होला ?" यसले नेपाली परिवार संरचनामा आम समस्या देखाउँछ । आफ्नो इच्छा, स्वतन्त्रता र सुखलाई त्यागेर परिवार, गाउँ र समाजका लागि जीवन समर्पण गर्ने बाबुहरू।

कविले आर्थिक सङ्घर्षको पीडा पनि देखाएका छन्। "थोरै–थोरै सबैतिर छरिनुभयो" भन्ने पङ्क्ति, अलिकति आमाका लागि, अलिकति मामाका लागि, अलिकति गाउँका लागि यसले आयआर्जन थोरै भए पनि धेरै जिम्मेवारीले थिचिएको दैनिकी प्रष्ट पार्छ।

अन्तिमतिर कवि प्रश्न गर्छन्, आफ्नो मर्यादा र जीवन चाहनालाई पूरा गर्ने अवसर उहाँले पाए पनि त ? यो प्रश्न केवल कविको बुबाको होइन, नेपाली श्रमिक वर्गको साझा पीडा हो। त्यसैले, 'मेरा बा' व्यक्तिगत स्मृतिमात्र नभई श्रमजीवी जीवन र बलिदानको सामूहिक प्रतिबिम्ब हो।

"तर अचेल पानीको रङ फरक छ

अचेल पानी कतै कालो, कतै रातो, कतै खैरो, कस्तो घुमोर्लो बग्छ।"

पुस्तककै शीर्षक बनेको कविता 'पानीको रङ' कविको गहिरो सामाजिक दर्शनात्मक चिन्तनको उपज हो। यहाँ 'पानी' केवल प्राकृतिक तत्त्व मात्र नभई मान्छेको जीवन, समाज र नैतिक मूल्यको प्रतिरूप बनेर आएको छ। कविले विगत र वर्तमानको तुलना गर्दै देखाएका छन् कि पहिले नदीखोलाको पानी सफा, निर्मल र विश्वासिलो थियो तर अहिले प्रदूषित, रसायन मिसिएको र अनगिन्ती रङमा बदलिएको छ।

प्रतीकात्मक रूपमा कविले मानिसको मन, विचार र समाजकै अवस्थालाई चित्रण गरेका छन्। "मान्छेको मन मैलोभै" भन्ने पङ्क्तिले जसरी पानी अब निर्मल छैन, त्यस्तै मान्छेको सोच र व्यवहार पनि लोभ, भ्रष्टाचार र स्वार्थले प्रदूषित भएको छ। पानीको रङ परिवर्तन हुनु भनेको मान्छेको आचरण बिग्रिनु हो।

कविले निराशा मात्र व्यक्त गरेका छैनन् । अन्त्यमा उनी बाल्यकाल सम्झिँदै "फेरि सफा, कञ्चन र निर्मल" बन्ने सम्भावना औंल्याउँछन्। जसरी पानी फेरि शुद्ध बनाउन सकिन्छ, त्यसरी नै मान्छेको मनबाट अहङ्कार, स्वार्थ र दुराग्रह हटाइए समाज फेरि पवित्र बन्न सक्छ। पानीको रङ कविता केवल प्रदूषणको कथन होइन, मानिस र समाज शुद्धीकरणको चेतावनी र आशाको उद्घोष पनि हो।

ऋषि बस्ताकोटी वातावरणविद् भएकाले प्राकृतिक प्रक्रियालाई सामाजिक र राजनीतिक सन्दर्भसँग जोड्ने शैलीमा अद्वितीय छन्। पहिरो, झिँगा, पानी, नदीजस्ता प्राकृतिक

विषयवस्तुहरू उनका कवितामा केवल भौतिक वस्तु होइनन्, बरू सामाजिक भ्रष्टाचार, राजनीतिक अवसरवाद, आर्थिक कठिनाइ र पारिवारिक विडम्बनाका रूपक बन्छन्। यसले कवितालाई बहुआयामिक बनाउँछ र पाठकलाई केवल सौन्दर्यात्मक अनुभव नभई सामाजिक बोधतर्फ पनि धकेल्छ। भाषा सरल भए पनि गहिरो अर्थ बोकेको हुनाले यसलाई विद्यार्थीदेखि बुद्धिजीवीसम्म सबैले सजिलै आत्मसात गर्न सक्छन्।

यस सङ्ग्रहका कवितामा प्रत्यक्ष राजनीतिक टिप्पणीहरू अत्यधिक देखिन्छन् । जसले प्रतीकात्मकताको सौन्दर्यलाई कम गरिदिएको भान हुन्छ। कतिपय ठाउँमा एउटै विचार फरक शैलीमार्फत दोहोरिएको अनुभूति पनि हुन्छ तर यसलाई कविको दृष्टिकोणको निरन्तरता र प्रतिबद्धताको प्रमाणका रूपमा लिन सकिन्छ। व्यक्तिगत रूपमा मलाई यो कृतिको सबैभन्दा ठुलो विशेषता यसको सन्तुलन हो। यसले न पूर्ण निराशा दिन्छ, न आशाको मिठास भर्छ। यसले यथार्थ देखाउँछ, पाठकलाई पीडा महसुस गराउँछ तर अन्त्यमा आशा र पुनर्निर्माणको बाटो पनि देखाउँछ। यही कारण पानीको रङ नेपाली समकालीन कवितामा परम्परामा एउटा उल्लेखनीय योगदान हो।

'पानीको रङ' केवल विद्यार्थी वा साहित्यप्रेमीले मात्र पढ्नुपर्ने पुस्तक होइन। यो त खासगरी नेताहरू, नीति निर्माता र सत्ता–स्वार्थमा डुबेकाहरूमै अनिवार्य रूपमा पढाइदिनुपर्ने ग्रन्थ हो। किनकि यहाँ रहेका "झिँगा" हरू उनीहरूको आत्मचित्र जस्तै छन्, "पहिरो" हरू उनीहरूले ल्याएका सङ्कट जस्तै छन्, र "पानी" हरू उनीहरूको सोचझैँ प्रदूषित छन्। यदि नेताहरूले यो सङ्ग्रह पढे भने सायद उनीहरूले आफ्नै अनुहार दर्पणमा देखेजस्तो अनुभूति गर्ने थिए।

सामान्य पाठकका लागि भने यो सङ्ग्रह जीवन र समाज बुझ्ने अर्को दृष्टि हो। पारिवारिक पीडा, राजनीतिक अस्थिरता र वातावरणीय सङ्कटलाई एउटै मञ्चमा भेट्न चाहने सबैका लागि यो पुस्तक उपयुक्त छ तर यदि यो पढेपछि पनि कसैको मन नछुने हो भने, त्यो मानिस या त पूर्णत: निरुत्तरदायी छ, या भने कुनै राजनीतिक कुर्सीमा आधा निद्रामा बसिरहेको छ भन्ने स्वतः बुझिन्छ ।

सुविज्ञराज खरेल
कक्षाः ९ सैपाल
क्रमाङ्कः २९०६५